**मृत्यु रोज्न विवश छन् देवमायाहरू**
राजेश पन्त 'कैदी'

५६ वर्षीया एउटी महिला सधैं जीवनदान दिने अस्पतालको पेटीमा आफ्नो बूढो शरीरको लिलामीका लागि उभिएकी भेटिन्छिन् । उनकै छोरासमान पुरुषहरू आउँछन्, मोलतोल गर्छन्, तर बूढो ज्यानको त्यति पैसा दिन मान्दैनन् ।

यो दृश्य राजधानीको कुनै स्थानको हो । नातिनातिना खेलाउने उमेर आफ्नो अस्मिता बेच्न बाध्य देवमायाको नियति हो यो । विवशतामा जीवनका बाँकी शिशिरहरू काट्न बाध्य देवमाया बढीजसो ग्राहक नै पाउँदिनन् । पाइहाले पनि त्यति पैसा कमाउँदिनन् । फुटपाथमा बसेर वृद्धावस्थामा पनि शरीर बेच्न विवश देवमाया यसलाई भाग्यको खेल नै मान्छिन् । सुक्न लागेका हाडहरू लिलामीमा राखेर बस्नु देवमायाको रहर कदापी होइन । उनी आफ्नो पुराना दिन सम्झेर भन्छिन्( मैले गाउँलेको के नै बिगारेकी थिएँ र ? दिनभर काम गरेर एकपेट खाना मात्रै खान्थे तर पनि मलाई मेरै लोग्नेको सहयोगमा बोक्सी भन्दै कुट्दै भगाए । स्थानीय गाउँकै प्रधान र पण्डितले आफूले अनैतिक सम्बन्ध राख्न नमानेकै कारण निकालेको कुरा देवमाया बताउँछिन् ।

आजभन्दा ४७ वर्ष पहिले भक्तपुरबाट उनको लोग्नेले उनलाई दुलहीको रूपमा पञ्चैबाजा बजाएर भित्र्याएका थिए । उनी त्यतिबेला मात्र ९ वर्षकी थिइन । सानै उमेरमा दाम्पत्यजीवन सुरुवात गरेपछि उनले लोग्नेको माया पनि थुप्रै पाइन् । एकछिन पनि झगडा नगर्ने उनीहरूको जोडी टुटेर यसरी फुटपाथमा आएर जीवनका बाँकी दिन गुजार्नुपर्ला भन्ने देवमायाले कल्पनासमेत गरेकी थिइनन् । मलाई कसैले नराम्रो गरेर हेरे पनि ज्यानै लिन तम्सिने लोग्नेले कान्छी ल्याएपछि भने बोल्नै छोडे । उनी भन्छिन्( मेरो विवाह भएको दश वर्ष बितिसक्दा पनि कुनै सन्तान नभएपछि उनले सौता हालेका हुन् । मैले पनि सौता हाल्न सल्लाह दिएकी थिएँ । सौता हालेपछि उनले मलाई कुट्ने र गाली गर्न थाले । त्यसपछि म छुट्टिएर बस्न थालें । समाजबाट घृणा, लाञ्छना सबै आक्षेप सहेर पनि देवमाया चुप लागेर बसिनै रहिन् । जब उनकी सौताले पनि लामो समयसम्म छोरो नपाएर सातवटी छोरी मात्रै पाइन् त्यसपछि त्यसको सजायको रूपमा उनले पनि बोक्सीको आरोप सहनुपर्‍यो । कुल जोगाउने कोही भएन भनेर उनले लोग्नेलाई पूजा गर्ने सल्लाह पनि दिइन् । पूजा गर्न बोलाएको पण्डितले नै देवता रिसाएकोले पनि सन्तान हुन नसकेको कुरा बताएपछि पूजा गर्ने सल्लाह दिए । बाहुनले देवमायालाई हात हेर्ने निहुँमा एकान्तमा बोलाएर उनीबाट सन्तान हुन सक्ने कुरा पनि बताए र त्यसका लागि उनको लोग्ने कमजोर भएकोले गाउँकै प्रधानसँग शारीरिकसम्पर्क गर्नुपर्ने बताएका थिए । देवमायाले उक्त कुरा नमानेपछि पण्डित पनि रिसाएका थिए । पूजा सकिएकै दिन उनले बाहुनले गर्न खोजेको सबै कुरा लोग्नेलाई बताइदिइन् । उनी भन्छिन्( मैले लोग्नेलाई सबै कुरा बताएपछि उसले उल्टै कुट्दै मलाई घरबाट निकालिदिए । घरबाट निकालिएपछि उनी गाउँकी अर्की एकजना विधवाकहाँ काम गरेर बस्ने गर्थिन् । पण्डितको प्रस्ताव अस्वीकार गरेपछि उल्टै पण्डितले उनलाई नानाथरीका आरोप लगाउन थाल्यो । तर, पण्डितले त्यहाँ पनि उनलाई त्यस्तै प्रस्ताव राख्यो जुन उनले अस्वीकार गरिन् । मलाई त्यहाँ पनि बाहुले छोडेन र दुःख दिन थाल्यो ।

उनको यो दुःखको कथाले त्यतिखेर चरमरूप लियो जब अर्को दिन बिहानै गाउँलेहरू मिलेर उनलाई गाउँ छोडेर भाग्ने दबाब दिनपुगे । तर उनी भागिनन् । त्यसपछि उनको लोग्ने आएर उनलाई भित्रबाट घिसार्दै तँ बोक्सीले मेरा सबै छोराहरूलाई छोरी बनाइदिइस् भन्दै कुट्दै गर्न थाल्यो । उनी ती क्षणहरू सम्झन पनि चाहन्नन् । मलाई ती दिनहरू भुल्ने मन छ तर सक्दिनँ । त्यसैदिन उही बाहुनले मेरो कपाल काट्न लगाएर बोक्सी भनेर त्यहाँबाट भगाइदियो । म रोएँ, कराएँ तर कसैले पनि सुनेनन् । अन्तमा भागेर आएँ । भागेर आएपछि उनले माइती पर्ने एकजनासँग २ हजार रुपैयाँ मागेर सानो फुटपाथ पसल थापेर गुजारा चलाउन थालिन् ।

फुटपाथको पसल नगरपालिकाले उठाएर लगेपछि भने उनलाई समस्या पर्‍यो । सामान छुटाउन जाँदा तिर्ने पैसासमेत नभएपछि उनले बाध्य भएर यौन व्यापारमा संलग्न हुनुपर्‍यो । 'पसल उठाएको ६ दिन बितिसक्दा पनि कतैबाट पैसा नपाएपछि के गर्ने त ? जसरी भए पनि बाँच्नैपर्‍यो । र मैले पनि यस्तो काम सुरु गरें' उनी भन्छिन् । पसल यसरी पटकपटक लुटिने हुनाले उनले देहव्यापार नै सुरु गरिन् । सुरुमा उनलाई साँहिलीले यस काममा लगाइन् । उनी थप्छिन्( मलाई त केही पनि थाहा थिएन तर साँहिलीले नै एकजना मिलाइदिई र म गएँ । त्यो मान्छे प्रहरी रहेछ । जाने बेलामा ४ सय दिएर गयो र राम्रै कमाइ देखेर मैले पनि यस कामलाई छोडिनँ । उनी वेश्यावृत्तिमा लाग्नुमा समाजका कथित ठूलाठालु व्यक्तिहरू नै जिम्मेवार छन् ।

देवमाया आफ्नो कर्मलाई नै बढी दोष दिन्छिन् । उनी भन्छिन्( मैले सन्तान नजन्माउनुमा मेरो के गल्ती थियो र ? तै पनि मलाई मान्छेहरूले कुटे, पिटे । प्रहरीहरूले सहयोग गर्छन् भन्ने सुनेपछि उनी प्रहरीकहाँ पनि नपुगेकी होइनन् तर प्रहरीले नै उनलाई अनुचित सम्बन्ध राख्न भनेपछि उनले उनीहरूमाथिको विश्वास त्यागिन् । उनी भन्छिन्( मैले प्रहरीहरूबाट नै यो काम सिकेकी हुँ । पहिले जवान थिएँ राम्रो कमाइ पनि गर्थें ।

उसो त देवमाया मात्र होइन काठमाडौंका फुटपाथहरूमा अनगिन्ती देवमायाहरू देह व्यापार गर्न विवश छन् । देवमाया मात्रै होइन उनीसँग उक्त पेसामा संलग्न अर्की महिला त २० रुपैयाँ कमाएर पनि गुजारा गरिरहेकी छिन् । छोरा डल्लुस्थित एक

विद्यालयमा पढाउँदै आएकी मनकुमारी व्यथा पनि देवमायाको भन्दा फरक छैन । उनी क्षयरोगबाट ग्रस्त छिन् । देवमायाले त छोरो नजन्माएका कारण निकालिनुपरेको थियो तर उनी त छोरो पाएर पनि निकालिइन् । कथाहरू खोज्दै जाने हो भने राजधानीका फुटपाथमा दर्जनौं यस्ता कथाहरू भेटिन्छन् । बोल्नै नजान्ने सीताको अवस्था होस् या कमलाको कथा होस् कुनै न कुनै रूपमा उनीहरूलाई समाजले नै सडकमा पु¥याएको देखिन्छ । तर, यसबारेमा महिलावादी संघसंस्थाहरूको भने ध्यान जान सकेको छैन । महिलाहरूको अधिकारको संरक्षण गर्न गठित गरिएको महिला आयोगले पनि उनीहरूको बारेमा जानकारी दिंदा पनि पहल गर्न चाहेन । महिला आयोगकी अध्यक्ष दुर्गा पोखरेल भन्नुहुन्छ( यसबारेमा उजुरी आएपछि पहल गर्ने हो, हामी खोज्दै कहाँ हिँड्ने ? तर यस्ता पीडित महिलाले आयोगको बारेमा सुनेको भए या उजुरी दिनुपर्छ भन्ने सोच भएको भए आफ्नो अस्मिता बेच्न राजी हुन्थे र ? भन्नेबारेमा भने पोखरेलसँग कुनै जवाफ छैन । उता राज्यले उनीहरूको बारेमा सोच्नु त परै जाओस्, उनीहरूको जीवनमाथि खेलवाड गर्दै आएकोले मृत्यु रोज्न विवश छन् थुप्रै देवमायाहरू ।

## पर्यटन व्यवसायमा सफल डिमी

मधुसुदन पौड्याल

सत्र वर्षको कलकलाउँदो उमेरमा हिमाली क्षेत्रको भ्रमणमा जाने पर्यटकलाई खाना पकाएर खुवाउने भान्सेको रूपबाट मुलुकको पर्यटन क्षेत्रमा संलग्न डिमी शेर्पा अहिले सफल पर्यटन व्यवसायीको रूपमा स्थापित छन् ।

यो उमेरसम्म आइपुग्दा देश(विदेशसम्म फैलिएको ख्याति र सन्तोष गर्नलायक सम्पत्ति कमाउन भने उनले करिब चार दशक लामो जीवनमा अनेकौं संघर्ष गर्नुपरेको छ । डिमी भन्छिन्( मेरो जीवन नै संघर्ष, विद्रोह र वेदनामा बितेको छ । छोरी भएर जन्मिएकोमा आफ्नै बाबु र समाजबाट व्यहोर्नुपरेको अपहेलनाले सानैदेखि छोराले जस्तै केही गरेर देखाउने अठोटले डिमीलाई हिम चुचुरोसम्मको यात्राले व्यावसायमा सफल बनाएको छ ।

सन् १९८४ मा सात हजार आठ सय ६५ मिटर अग्लो नुप्से हिमालको शिखरमा प्रथम नेपाली महिला आरोहीको रूपमा उनी काठमाडौं आएकी हुन् । त्यसपछि उनले आफैं एउटा ट्रेकिङ एजेन्सी सञ्चालन गरेर पूर्ण रूपमा पर्यटन व्यवसायमा संलग्न हुने निर्णय लिएकी हुन् । करिब दुई दशकअगाडि काठमाडौंको ठमेलमा सात लाख रुपैयाँको लागतमा डिमीले स्थापना गरेको ‘अल्पाइन’ नामक ट्रेकिङ एजेन्सीले व्यावसायिक रूपमा धेरै सफलता हासिल गरिसकेको छ । उनले अहिले पर्यटन आगमनको सिजनमा सयौं व्यक्तिलाई रोजगारी दिएकी छिन् ।

अहिलेसम्म कति कमाइयो त ? यसको स्पष्ट जवाफ भने उनले दिन चाहिनन् । घरबाट भागेर हिँडेकी मजस्ती एउटी केटीले अहिले सयौं व्यक्तिलाई रोजगार दिएकी छु । सरकारलाई कर तिरेर बस्न सक्ने भएकी छु । यसैमा मलाई गर्व छ( डिमीले आफ्नो वास्तविकता उजागर गरिन् । त्यसो त पर्यटन व्यवसायीको आम्दानी वर्षैभरि एकनासको हुँदैन । पर्यटक आउने सिजनमा उनीहरूले आफ्नो व्यावसायिक क्षमताअनुसारको आम्दानी हात पार्छन् ।

छोरीलाई मान्छेसम्मको पनि दर्जा दिन नसक्ने बाबुको व्यवहारप्रति विद्रोह गर्दै डिमीले १३ वर्षको उमेरमा घर छाडेकी हुन् । छोरो नपाएको आरोपमा गर्भवती भएकी आफ्नै आमा सुत्केरी हुँदासम्म पनि पर्खन नसकेर कान्छी भित्र्याउने आफ्ना बाबुको व्यवहारले उनलाई यहाँसम्म पु¥यायो ।
दिनहरूमा उनले कुकका रूपमा पर्यटकको सेवा गर्दै सगरमाथा आधार शिविरमा दिनहरू बिताउन थालिन् । जोखिमपूर्ण हिमयात्रालाई पार गर्दै कहिले उनी पश्चिमको धौलागिरी, अन्नपूर्ण हिमाल पुगिन् त कहिले पूर्वको सगरमाथा, अमादब्लम र नुप्से हिमालको उकाली(ओरोही गरिन् ।
एकजना महिलाले पर्यटन व्यवसाय सुरु गर्दा भोग्नुपरेका तिता अनुभवहरू भने उनीसँग अझै पनि ताजा नै छन् । महिलाले चलाएको ट्रेकिङ एजेन्सी भनेर मेरो ट्रेकिङमार्फत् पर्यटकलाई हिमाल आरोहणको अनुमति नदिनेलगायतका थुप्रै पीडा उनले खेपिन् । तर संघर्षबाट नै सफलता पाउन सकिने विश्वास राख्ने डिमी आजको दिनसम्म आइपुग्दा व्यवसायमा कुनै पनि पुरुषभन्दा कमजोर छैनन् । मकालु र सगरमाथाको दक्षिणी मोहडासम्मको हिमाल आरोहण गरेर महिलाको साहसलाई देखाएकी डिमी पर्यटन व्यवसायमा धेरैभन्दा धेरै महिलालाई संलग्न गराउने आफ्नो इच्छा भएको बताउँछिन् ।

तर, डिमीको चाहनाजस्तै नेपालको पर्यटन व्यवसायमा महिलाहरूको संख्या उल्लेख्य मात्रामा बढ्न सकेको त छैन तापनि चुनौतीहरूका बीचमा नयाँ सम्भावनाहरूको खोजी गरेर आफैं केही गरेर देखाउने आँट राख्ने कर्मवीर सीमित महिलाहरू यस व्यवसायमा संलग्न हुने क्रम पनि रोकिएको छैन । यसको उदाहरण बनेकी छन् पुरानोबानेश्वरकी( रश्मी तमोट । करिब आठ वर्ष लामो पर्यटन व्यवसायमा जागिरेको रूपमा काम गर्दाको अनुभव, पर्यटन क्षेत्रप्रतिको माया र कर्मप्रतिको विश्वासले रश्मीलाई पर्यटन व्यवसायतर्फ डो¥याएको हो ।

उनले सन् २००३ को प्रारम्भसँगै काठमाडौंको लाजिम्पाटमा वेस क्याम्प नामक ट्रेकिङ कम्पनीको सुरुवात गरेर आफ्नो पर्यटन

व्यवसायको यात्रालाई अगाडि बढाएकी हुन् । घरमा छोरी भएकै कारण रश्मीले डिमीले जस्तै कुनै समस्याहरू त व्यहोर्नुपरेन । तर, आफैं केही गर्ने उत्साहका साथ व्यवसायमा संलग्न हुँदा भने समाजबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अपमान भने उनले पनि सहनुपर्‍यो ।

केटी मान्छे भएर केही गर्छु भन्ने उत्साहका साथ अगाडि बढ्नु एकदमै गाह्रो काम रहेछ( आफ्नो अनुभव सुनाउँदै रश्मीले भनिन्( यस्तो अवस्थामा त कहिलेकाहीँ केटा भएर जन्मिन पाएको भए धेरै गर्न सकिन्थ्यो कि जस्तो लाग्छ । काम गर्ने उत्साह भएको अवस्थामा थोरै लगानीबाट पनि व्यवसायलाई अगाडि बढाउन सकिने उनले बताइन् । उनले करिब आठ लाख रुपैयाँको लगानीबाट व्यवसाय सुरु गरेकी हुन् । र, छोटो समयमा नै आफ्नो व्यावसायिक यात्रालाई सफलतातर्फ उन्मुख बनाएकी पनि छिन् ।

पर्यटन व्यवसायको सुरु गर्दा उनले सबैभन्दा ठूलो सहयोग आफ्नै बुबाआमाबाट पाइन् । र, साथीभाइहरू पनि उनको उत्साहमा सधैं सहयोगी बने । सुरुका दिनहरूमा आफ्नै घरमा कार्यालय राखेर व्यवसाय सुरु गर्नुपरेको भए पनि अहिले ती दिनहरू विगत भइसकेको उनी बताउँछिन् ।
आफ्नै व्यवसाय सुरु गर्नुअघि रश्मीले संघर्षका धेरै दिनहरू बिताइसकेकी थिइन् । फ्रान्सेली भाषा शिक्षकका रूपमा वृहस्पति विद्यालयदेखि फ्रान्सेली केन्द्रसम्म र पर्यटनसँग सम्बन्धित कार्यालयमा एकैसाथ जागिरे रहँदा उनले दिनरात खटेर काम गरिन् । यसरी मेहनतबाट संगालेको सानोतिनो लगानीबाट आज आफ्नै ट्रेकिङ कम्पनीको स्थापना सम्भव भएको हो ।

तर, आफैं केही गर्न खोज्ने महिलाप्रति सरकारी तहबाट गरिने व्यवहार भने उनलाई सन्तोषजनक लागेको छैन । ट्रेकिङ कम्पनी दर्ता गर्न पर्यटन मन्त्रालयमा धाउनुपर्दा त्यहाँका कर्मचारीले देखाएको व्यवहार अहिले पनि उनको आँखावरिपरि घुमिरहन्छ । केटी मान्छे भएर धेरै नबोल्नुस् भन्नेसम्मका व्यवहारहरूलाई उनले सहनुपर्‍यो । व्यवसायमा सफलताको सिँढी चढ्दै गरेकी रश्मी खासगरी फ्रान्सेली पर्यटकलाई नेपाल भित्र्याएर विभिन्न क्षेत्रको पदयात्राको व्यवस्था मिलाइदिने काम गर्छिन् । त्यसैगरी तिब्बत भ्रमण र कैलाश मानसरोवरको यात्राप्रति चाख राख्ने पर्यटकलाई ती क्षेत्रसम्मको भ्रमणलाई सहज पार्ने काम पनि उनी गर्छिन् । टुहुरा बालबालिकाप्रति असाध्यै दयालु रश्मीको योजना व्यवसायबाट आम्दानी हुने रकमबाट भविष्यमा टुहुरा बालबालिकाका लागि बालगृह संचालन गर्ने पनि रहेको छ ।

नेपालको ट्रेकिङ व्यवसायमा कति महिलाको संलग्नता छ भन्नेबारेमा निश्चित तथ्यांक नभए पनि सीमित महिलामात्र यो व्यवसायमा संलग्न छन् । ट्रेकिङ एजेन्ट्स एसोसिएसन अफ नेपाल (टान) का महासचिव फुर्वागेल्जेन शेर्पा ट्रेकिङ व्यवसायमा लागेका महिलाहरूले सफलतापूर्वक कार्य गरिरहेको र उनीहरूलाई यो व्यवसायमा संलग्न गराउन प्रोत्साहनको खाँचो रहेको बताउँछन् । कर्मप्रतिको विश्वासका साथ अगाडि बढेमा महिलाले सफलतापूर्वक ट्रेकिङ व्यवसायको नेतृत्व गर्न सक्ने धारणा इको ट्रेक इन्टरनेसनलकी महाप्रबन्धक आशा गुरुङको पनि छ । जीवनका हरेक क्षेत्रहरूमा संघर्ष गर्नुपर्ने र संघर्षबाट नै सफलता प्राप्त हुने भएकाले महिलाले हीनमानसिकता त्यागेर व्यवसायमा संलग्न हुनुपर्ने सुझाव उनको छ ।

## आङ खस्ने रोगबाट पीडित छन् विवाहित महिला

अरुणप्रसाद पौडेल

सुत्केरी अवस्थामा पौष्टिक आहार र आरामको कमीले गर्दा यौनांगबाट पाठेघर बाहिर निस्कने समस्या धेरै विवाहित महिलामा देखिने गरेको छ । उनीहरू यसलाई आङ खसेको भनेर भन्ने गर्दछन् । सहरमा भन्दा गाउँघरमा यस्तो समस्या धेरै देखिन थालेको छ । त्यसको प्रमुख कारण नै सुत्केरी अवस्थामा उचित स्याहारसुसार र पौष्टिक आहारयुक्त भोजनमा ध्यान नदिनु रहेको सम्बन्धित विशेषज्ञहरू बताउँछन् ।

हुन त यो समस्या सहरमा बसोबास गर्ने महिलाहरूमा पनि नदेखिएको होइन । तर, सुत्केरी अवस्थामा पनि गाउँका महिलाहरूले धरायसी काममा तल्लीन रहनुपर्ने हुन्छ । त्यसमाथि पनि गरिबीको कारणले पोषणयुक्त भोजन जुटाउन गाउँमा समस्या पर्ने पीडित महिलाहरू बताउँछन् । अझ भनौं भने बुहारीलाई खानपानमा ध्यान नदिने गाउँका परिवारका सदस्यहरूको प्रवृत्तिले गर्दा झन् धेरै पीडित हुनुपरेको त्यस्ता महिलाहरूको गुनासो रहेको छ ।

सिन्धुली डाँडीगुराँस मझेनीदमार गाविस(८ की ५० वर्षीया सुनिता कार्की १५ वर्षदेखि आफूले यस्तो समस्या भोग्नुपरेको बताउँछिन् । उनलाई पाठेघर खस्ने समस्या पाँचौं सन्तान छोरा जन्मिएको बेलादेखि देखिन थालेको हो । घरमा पैसा कमाउने मानिस नहुनु र आयस्रोतको अन्य व्यवस्था नहुनाले उनको खानपानमा खासै ध्यान पुगेन । त्यसमाथि पनि श्रीमान् बिरामी परेको र पहिलाका सन्तानहरू साना भएकाले उनलाई पकाएर खान दिने मानिस कोही पनि भएनन् । कठिन काम पनि गर्न सक्दिन भन्दा उनले सुख पाइनन् ।

सुत्केरी भएको १५ औं दिनदेखि उनको पाठेघर बाहिर निस्कियो । सुरुसुरुमा उनले त्यसलाई कुनै पर्वाह नगरी आफ्नो काम जारी राखिन् । समस्या बढ्दै गयो । चिसोले गर्दा उनको शरीरबाट बाहिर निस्किएको यो भागमा विभिन्न संक्रमणहरू हुँदै गए र घाउको रूप लिन पुग्यो । गाउँमा अस्पताल थिएन । टाढाको अस्पताल जानु उनका लागि असम्भव थियो । यसैगरी दुःख झेल्दै उनले २०६० सालसम्मको समय बिताइन् । पछि जेठी छोरीले गत वैशाखमा काठमाडौंको थापाथली प्रसूतिगृहमा ल्याएर उपचार गराइन् । उनलाई यहाँ ल्याएर अप्रेसन गरियो र बाहिर निस्किएको पाठेघरको भाग काटेर फालियो । अस्पतालमा लागेको खर्चको ऋण तिर्न उनलाई अहिले कठिन परिरहेको छ ।

समस्या सुनिताको मात्र होइन । उनलाई उपचार गराउने जेठी छोरी कल्पना हमालले पनि यस्तै समस्या भोगिरहेकी छिन् । उनी पनि विगत ३ वर्षदेखि यस्तो समस्या भोग्दै आएको बताउँछिन् । श्रीमान् ज्याला(मजदुरी काम गर्ने भएकाले उनलाई पनि खानपानमा हेरविचार गरिएन । खाना आफैंले पकाएर खानुपर्‍यो । कुनै पौष्टिक आहार, माछा, मासु, दही, दूध, हरियो सागसब्जी जुन डाक्टरहरूले खानुपर्छ भनेर सल्लाह दिने गर्छन् त्यस्तो केही पनि मिलेन । आमालाई त उनले साहुसँग ऋण काढेर उपचार गराइन् तर आफ्नो उपचार गर्नु असम्भव रहेको उनी बताउँछिन् । 'मलाई मेरो शरीर मोटो देखेर अल्छी गरेको भन्छन्, आफूलाई त्यस्तो समस्या भएकाले काम गर्न सक्दिनँ' २५ वर्षीया हमाल भावुक बनेर आँखाबाट आँसु खसाउँदै दुःख पोख्छिन् ।

उता सिन्धुपाल्चोक ठूलो सिरुबारी गाविस(८ की सुजाता रिजालको पनि समस्या यस्तै रहेको छ । हाल ३० वर्षमा पाइला टेकेकी रिजाललाई २० वर्षको उमेरमा त्यस्तो रोग देखापरेको हो । त्यतिबेला छोरी जन्मिएको बेलामा उनका सासू, ससुरा, देवर, नन्दहरूले उनलाई कुनै पनि आराम गर्ने अवसर नै दिएनन् । सुत्केरी भएको भोलिपल्टदेखि नै पानीका गाग्रीहरू पँधेराबाट ओसार्नुपर्थ्यो । गाईवस्तुलाई घाँस काटेर ल्याउने गर्नुपर्थ्यो । उनकी सासू पनि आफूले बाटोमा भारी बोकेर बिसाएको ठाउँमा छोरा पाएको कहानी सुनाएर हौस्याउने गर्थिन् । खानपान र आराममा ध्यान नदिएकैले गर्दा उनको पनि सुत्केरी भएको ५(६ दिनपछि यस्तो शारीरिक अवस्था देखापर्‍यो । अहिले त उनी झनै अशक्त बनेकी छन् । झन् गाउँमा चाँडै जग्गाजमिन अंशवण्डा गरेर छुट्टै बस्ने प्रचलन रहेकाले उनी पनि छुट्टै घरमा बसेकी छन् । श्रीमान् घरमा नबस्ने भएकाले उनले अझै पनि सकी(नसकी काम गर्नु परिरहेको छ ।

त्यस्तै समस्या रहेको छ सोही गाविसकी ६० वर्षीया पार्वती पौडेलको पनि । उनी ३० वर्षदेखि सो शारीरिक अस्वस्थताका बाबजुद पनि हिँडडुल गर्दैछिन् । उनको यौनांगबाट बाहिर निस्किएको पाठेघर अहिले घाउ भएर पीप बगिरहने अवस्थामा छ । हिँड्दा पनि पानी चुहिन्छ, फरिया भिज्छ, धोइदिने कोही पनि छैन । पौडेल दिनका दिन कपडा फेर्न परेको दुखेसो पोख्दै दर्दनाक कथा सुनाउँछिन् । यस्तो शारीरिक अस्वस्थतासँग लडिरहेका महिलाहरू गाउँमा प्रशस्तै भेटिने गरेका छन् । तर, सरकारले ध्यान नदिएको पीडितहरूको गुनासो रहेको छ । सकेसम्म सबै जिल्ला सदरमुकामहरूमा यस्तो रोगको उपचार गर्ने व्यवस्था मिलाइदिएर निःशुल्क उपचार गरिदिनुपर्ने उनीहरूको धारणा रहेको छ । सरकारले नै दुईवटासम्म सन्तान जन्माउने गरिब, असहायहरूलाई सुत्केरी खर्च उपलब्ध गराइदिनुपर्ने उनीहरूको माग छ । पीडित महिलाहरू पनि यस्तो व्यवस्था सरकारले मिलाइदिए आफूले धेरै काम गरेर समाजलाई नै अगाडि बढाउन सक्ने बताउँछन् ।

## टेम्पोचालक महिलाको व्यथा

कमल गिरी

तपाईं एक गिलास दूध लिएर हिँड्दै हुनुहुन्थ्यो, लड्नुभयो र आधा दूध पोखियो तपाईं के गर्नुहुन्छ ? निराशावादी मान्छे पोखिएको दूधको चिन्ता गर्छ भने आशावादी मान्छे बचेको दूध हेरेर खुसी हुन्छ । तपाईंको धन गयो, घर गयो, जागिर गयो, सबै आफन्त गए तर चरित्र बाँकी छ, निष्ठा बाँकी छ, सीप(क्षमता बाँकी छ त्यो भन्दा पनि तपाईंको सिंगो जीवन बाँकी छ । तपाईंको भविष्यले असंख्य खुसीका समाचार लिएर प्रगतिका अनगिन्ती शुभकामना लिएर पर्खिरहेको छ भन्ने सबैले नसोचेको हुन सक्छन्, तर पनि काभ्रे सर्चिखर्क गाविस(२ की विष्णु लामाले भने ८ वर्षअघि यस्तै सोचेकी थिइन् ।

विष्णु लामा ५ वर्षदेखि राजधानीमा चल्ने सफा टेम्पोचालक भई काम गर्दै आएकी महिला हुन् । आरएनएसीदेखि चाबहिल, महाँकालसम्म चल्ने दुई नं. रुटमा उनले टेम्पोचालक बनेर राम्रो आम्दानी गरेकी छन् । तर, उनको आम्दानी र अहिलेको यो जीवनशैलीसम्म आइपुग्दा कम्ती दर्दनाक पीडा खप्नुपरेन उनले । विष्णु लामा गरिब महिला हुन्, टुहुरी हुन् र त्यसमा पनि विधवा ।
चौध वर्षको उमेरमा उनको विवाह भयो । श्रीमान् ट्याक्सीचालक, विवाहपछि राजधानीको बसाइ । एउटी छोरी, एउटा छोराकी आमा विष्णु लामाले सोच्न थालिन् अब मेरा पनि सुखका दिन आए । गाडी चलाउने रहर पूरा नगरी कसो छोड्छुँला, हिम्मत बढ्दै गयो उनमा । तर, आफूले ताक्यो मुढो बन्चरो ताक्छ घुँडो । २२ दिनकी सुत्केरी । श्रीमान्को गाडी दुर्घटनाबाट मरेको खबर आयो ।
सहरबजारको बसाइ न आफन्त न प्रशस्त पैसा, सुत्केरी आइमाई कति दुःख पाएँहुँला, आफैं सोच्नुस् त( अत्यन्त भावुक स्वरमा उनले ती दिन सम्झँदै भनिन् ।

त्यसपछि विष्णु लामाको जीवनमा अझै दुःखका दिनहरू थपिँदै गए । माइतीबाट ल्याएको सात हजार पैसाबाट ठमेलको सडक छेउमा कस्मेटिक सामान बेच्न थालें, जेनतेन मुस्किलले गुजारा थल्थ्यो । त्यतिबेलै निःशुल्क सिलाइ तालिम आएको रहेछ, त्यहाँ पनि अलिअलि सिकें( विष्णु लामाले भनिन् । भर्खरै आशा पलाउँदै जान थालेको थियो, त्यतिबेला चोरले लटिपटी पारेर कोठाको सबै सरसामान लगेछ । फेरि रुने दिन सुरु भए( मेरा उनले थपिन् ।

विष्णु लामा संघर्षशील महिला थिइन् । आँट गरे कसो सफल नभइएला( उनमा दरो अठोट थियो । त्यसैक्रममा उनको भेट नेपालकी प्रथम टेम्पोचालक सुमित्रा डंगोलसँग भयो । उनी भन्छिन्( जमलमा ६६६४ नम्बरको सुमित्राले चलाएको टेम्पो आएको थियो । दगुरीदगुरी भेट्टाएर उनको ठेगाना लिएँ, त्यो दिन मेरो असाध्यै खुसीको दिन थियो । एक महिनासम्म सुमित्राको प्रशिक्षणमा विष्णु लामाले टेम्पो चलाउन त सिकिन् । तर, जीवनमा अर्को ठूलो विपत निम्त्यो । खाना पकाइरहेको बेला एकाएक स्टोभ पड्क्यो, शरीरभरि आगो लाग्यो( उनी भन्छिन्( चिच्याउँदै(कराउँदै बाहिर सडकमा पुगें, आगो सल्कने डरले कोही नजिक परेनन् । जहाँ मान्छे छन् त्यहीँ गएँ । कहालीलाग्दो इतिहास बताउँदै उनी भन्छिन्( दुईजना मधेसीले पछाडिबाट घचटेर नालीमा खसालेछन् होस् खुलेपछि अस्पतालमा मात्र थाहा पाएँ । मुख र शरीरमा अझै पनि पोलेका खत मेटिएका छैनन् ।

उनका श्रीमान् बितेको पनि अहिले त ८ वर्ष भइसक्यो । आइमाई ड्राइभर भनेर कति मान्छेले घृणा पनि गरे, तर उनी प्रभावित भइनन् । उनको प्रेरणाले थुप्रै महिला टेम्पोचालक भइसकेका छन् । एसएलसीको परीक्षा बिग्रिएर गलैंचा फ्याक्ट्रीमा काम गर्दा १ हजार तलब पाउने मकवानपुरकी मुनु गुरुङ यस्तै साथीसंगीको सहयोगबाट आजभोलि एउटी सफल चालक हुन पुगेकी छन् । उनले सोचेकी थिइनन्, मैले महिनामा यसरी ४/५ हजार कमाइ गरुँला भनेर । उनी थप्छिन्( वास्तवमा घर न घाट भइसकेकी थिएँ, टेम्पोचालक भएपछि मेरो दैनिकी बदलियो । त्यसो त श्रीमान्ले कान्छी श्रीमती ल्याएपछि राजधानीमा परिवारबाट एक्लिएर बसेकी नुवाकोटकी उमा थपलिया पनि आजभोलि टेम्पोचालक बनेर श्रीमान्को कमाइसँग टक्कर गर्ने भइसकेकी छन् । अन्य महिलाहरूले हिम्मत गर्नुपर्‍यो, नसकिने केही छैन( उनको सल्लाह पनि छ । पाँच वर्षसम्म टेम्पो हाँकिरहेकी विष्णुको आफूले एकपटक पनि दुर्घटना नपारेको दाबी छ । अहिले उनको मासिक कमाइ कम्तीमा ६ हजार छ । छोराछोरीको भविष्य अझ राम्रो बनाउन माइक्रोबस, ठूला बसहरू चलाउने धोका विष्णुको छ ।

आजभोलि राजधानीका सडकसडकमा धेरै महिला चालकले टेम्पो हाँकिरहेको देखिन्छ । महिलाहरूलाई यस पेसातर्फ आकर्षण गर्न न सरकारले नै कुनै सहुलियत सुविधा प्रदान गर्न सकेको छ न त संघसंस्थाले । पुरुष चालकभन्दा हामीलाई ट्राफिकले हेप्ने गर्छन् । कतिले लाइसेन्स लिएर ढिलाइ गरिदिनेजस्तो धम्की दिने, कति प्रहरीले त कुनियतले हेर्ने गर्छन् । चाबहिल चोकमा एउटा ट्राफिकले ममाथि दुर्व्यवहार गर्‍यो, विभिन्न लोभलालच देखायो । अझ बाहिर नआएका कुरा थुप्रै छन् प्रहरीलाई पनि विश्वास गर्ने आधार छैन( नाम नबताउने सर्तमा एउटी महिलाचालकले
बताइन् ।

उता उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका मुद्दा फाँटमा कार्यरत प्रहरी निरीक्षक सानुबाबु थपलिया सो कुरामा सहमत हुनुहुन्न । महिला भएर पनि जोखिमपूर्ण काम गरेकाले सुरुसुरुमा सामान्य गल्तीमा पनि छाड्ने गरेका छौं । जहाँसम्म महिलामाथिको अभद्र व्यवहारको कुरा हो उजुरी आउनुपर्‍यो स्पष्ट कारबाही हुन्छ । उहाँ भन्नुहुन्छ( अहिलेसम्म महिलाबाट ठूलो दुर्घटना भएको छैन ।

मुलुकमा लाखौंलाख बेरोजगार भएका महिलालाई यस पेसातर्फ आकर्षण गर्न सक्ने हो भने थुप्रै महिलाले रोजगारीका अवसर पाउन सक्ने बलियो सम्भावनालाई नकार्न सकिंदैन । सरकारले महिलाहरूलाई निःशुल्क लाइसेन्स प्रदान गर्ने, सरकारी कार्यालयअन्तर्गतका गाडीहरूमा महिलाहरूलाई आरक्षणको व्यवस्था गर्ने तथा निःशुल्क ड्राइभिङजस्ता कार्यहरू गर्दै जाने हो भने ठूलो संख्यामा महिलाहरू यस क्षेत्रमा आउन सक्ने देखिन्छ ।

कानुनको अभावमा चालक पेसामा लागिसकेका महिलाहरू जागिरको असुरक्षा, तलब स्केलमा मालिकहरूको मनपरीतन्त्र, प्रहरी( प्रशासनको दुर्व्यवहार र सरकारको उदासीनताले यस पेसामा लागेका अधिकांश महिला चालकहरू जति सन्तुष्ट हुनुपर्ने हो त्यति हुन सकिरहेका छैनन्( नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका इकाइ अध्यक्ष भरत क्षेत्री बताउनुहुन्छ ।

## अवसरको खोजीमा छन् अपांग महिला

महेन्द्र पाण्डेय

झट्ट सुन्दा पनि दिक्क लागेर आउँछ भगवान्ले दिएका दुई हातखुट्टा सग्लै भएर पनि पौरख गरेर खानुभन्दा विभिन्न नकारात्मक कार्य गर्नेहरूदेखि । तर, यस्तो नगरेर बाँच्नका लागि जस्तोसुकै घृणित कार्य पनि गर्न पछि नपर्ने सपांगहरूलाई अपांगहरूले काम गरेर खाने उदाहरण सिकाउन थालेका छन् । नेपाल अपांग समाज बहुउद्देश्य सहकारी संस्था लिमिटेड भृकुटीमण्डपमा कागजको खाम, फाइल बनाउँदै आएकी ४३ वर्षीया धादिङकी देवा गिरी रिजाल आफ्नो विवाह भएको केही महिनामा घाँस काट्न जाँदा रुखबाट खसेर दायाँ खुट्टा अपांग भएको बताउँछिन् । रिजालले दुःख मान्दै भनिन्( संस्थाले अपांगले केही गरेर

खाऊन् भनेर खाम उद्योग खोलिदिएको छ । श्री ५ को सरकारले अपांगलाई सहयोग गर्नु त परै जाओस् हामीले बनाएका खामहरू मन्त्रालयले खरिद गरिदिए मात्र पनि हामी बाँच्थ्यौं । बच्चा जन्मनुअघि अपांग बनेकी रिजाललाई गाउँका सपांग भनाउँदाहरूले धेरैपटक अपहेलित गर्दै बोलाउने गर्थे । तर, आफ्ना जीवनसाथीले भने अहिलेसम्म उनलाई अपांग भनेर अपहेलित गरेका छैनन् । उनका दुई सन्तान अहिले काठमाडौंमै दश जोड दुईमा अध्ययन गरिरहेका छन् । मेरो खुट्टा अपांग भए पनि हात त छ नि, त्यसैले काम गरेर खानुपर्छ । कमाएर खाएको जति आनन्द आउँछ अर्काको भरमा बाँचेको त्यति स्वाद नहुने बताउने रिजाल आफूले काम पाए जस्तो पनि गर्न पछाडि नपर्ने बताउँछिन् । उनका श्रीमान् केशव रिजाल रुखबाट लड्नु उनको अपराध त भएन नि । बरु उनी अपांग छन् कसरी सहयोग गर्ने भन्ने चिन्ता लागेको व्यक्त गर्छन् । हामीबीच अहिलेसम्म केही झै(झगडा भएको छैन । उनले मलाई पाइलापाइलामा सहयोग गरेकी छन् । उनी आफैं काम गर्न रुचाउँछिन् । हाम्रो परिवार अति सुखमय परिवार छ( उनले थपे । त्यस्तै प्यूठान जिल्लाको कुसारा घर हुने १८ वर्षीया हुमा थापा क्षेत्रीको बायाँ हात अपांग भए पनि उनी कपडा सिलाउँछिन् । उनी बच्चा हुँदा नै हात अपांग भएको हो । सुरुमा गाउँमा सबै सपांग देख्दा आफू मात्र अपांग भएकोमा भविष्यका बारेमा चिन्तित थिइन् । तर, त्यति नै बेला उनलाई गाउँकै एक दिदीले काठमाडौं ल्याएर अपांगद्वारा संचालित सिलाइ प्रशिक्षण केन्द्रमा पु¥याइन् । उक्त ठाउँमा सबै अपांग देखेपछि कुनै दुःख नलागेको उनी बताउँछिन् । अहिले संस्थामै बसेर दिनमा २ सेट कुर्ता सुरुवाल सिलाउन सक्ने भएकी छिन् ।
उनले दुःख मान्दै भनिन्( काम गरेर खान्छु भन्दा पनि काम पाइँदैन, मैले सिकेअनुसारको काम पाए सजिलै बाँच्न सक्छु तर कतिपयले कपडा बिग्रन्छ कि भन्ने डरले नदिने गरेको उनको अनुभव छ ।
यसैगरी गोर्खा जिल्ला मोसेल गाविसकी २० वर्षीया लक्ष्मी श्रेष्ठको नौ महिनाको खोप लगाउँदा स्वास्थ्यकर्मीको असावधानीका कारण नसामा पर्न गई खुट्टा सुक्दै गएको हो । गाउँमा अपांग भनेपछि छुट्टै दृष्टिले हेर्ने गरेकोमा अति चिन्ता लागेको उनी बताउँछिन् । तर, काठमाडौं आएर अपांगद्वारा संचालित सिलाइकटाइ प्रशिक्षण लिएपछि भने उनी सन्तुष्ट छिन् । विगत सम्झँदै उनी भन्छिन्( मलाई गाउँमा नाम राखेर बोलाउने सपांगहरूका अगाडि कहीँकतैबाट सहयोग भयो भने केही गरेर देखाउने अठोट लिएकी छु । दश कक्षा उत्तीर्ण गरेकी श्रेष्ठ भन्छिन्( सुरुमा गाउँलेहरूको वचनले दुःख लागे पनि अपांग पनि केही गर्न सक्ने रहेछन् भन्ने देखाउन पनि मैले केही गर्नैपर्छ । अहिलेसम्म परिवारबाट माया पाइरहेको बताउने लक्ष्मी भन्छिन्( माया पाएँ भन्दैमा केही नगरी बस्नु त भएन नि । उनको प्रतिबद्धता छ आफू कसैको सहारामा बाँच्नु नपरोस् । बरु यस्तै दुःख पाएकाहरूलाई सहयोग गर्न पाइयोस् ।

त्यस्तै बबरमहलमा चिया पसल राखेर बसेकी सोमा लामा कार्कीका दुवै खुट्टा अपांग छन् । २०४९ सालमा उनी जंगलमा घाँस लिन गएका समयमा शाही नेपाली सेनाले परीक्षण गर्ने क्रममा छोडेको बम खेलाउँदा विस्फोट भई उनका दुवै खुट्टा अपांग बनेका हुन् । महिनौंसम्म वीरेन्द्र सैनिक अस्पतालमा उपचार गराएकी सोमाको सिन्धुपाल्चोकका अर्का दुवै खुट्टा नभएका रामचन्द्र कार्कीसँग प्रेमविवाह भयो । दुवै अपांग कसरी जिउनुभएको छ त भन्ने प्रश्नमा उनी भन्छिन्( देख्नुहुन्न चिया पसलबाट गुजारा चलाएका छौं । दुवै अपांगबीच विवाहबारे सोधिएको प्रश्नमा उनको सटिक उत्तर थियो( अचानाको मार खुकुरीलाई के थाहा ? सोमा भन्छिन्( अपांगहरूलाई विदेशबाट सहयोग आउने कुरा सुनेकी छु तर अहिलेसम्म केही सहयोग पाएका छैनौं । बरु हाम्रा नाममा खोलिएका संस्थाहरूबाट त्यहाँका पदाधिकारीलाई राम्रै सहयोग भएको छ भन्ने सुनेकी छु । जे होस्, काम गरेर खान पाइयोस्, कसैको मुख ताक्न नपरोस्( उनको भनाइ छ । सोमाका श्रीमान् अपांगहरूद्वारा खोलिएको सहकारीमा सचिव पदको जिम्मेवारी निभाइरहेका छन् । उनी भन्छन्( हामीलाई अरू केही चाहिएको छैन मात्र काम भए पुग्छ । हामीले खोलेको खाम उद्योगबाट खाम लिइदिन थुप्रै मन्त्रालय चहा¥यौं, माथिबाट आदेश त हुन्छ तर स्टोर इन्चार्जले लिइदिँदैनन् बाहिरबाट कमिसन आउने कारणले होला हाम्रो खाम नलिने भन्छन् ।

त्यस्तै नेपाल अपांग समाज बहुउद्देश्य सहकारी संस्था लिमिटेडका अध्यक्ष तेजकुमारी तिवारी भन्छिन्( यहाँ अपांगलाई अपांगले नै ठगी गरेका छन् । दातृ समुदायबाट आएको सहयोग लक्षित वर्गमा पुग्न नसकेको छैन । हामीले २६ जना सेयर सदस्य बनाएर सहकारी बनाएका छौं त्यसबाट सक्दो सहयोग गरिरहेका छौं । थुप्रै अपांग आएर अवसर मात्र दिनोस् हामी सपांगले जस्तै कार्य गरेर देखाउँछौं भन्छन्, तर के गर्नु सम्बन्धित निकाय चिरनिद्रामा छ । त्यसैले अपांगहरूले भन्ने गरेका छन्( हामीलाई दया होइन अवसरको खाँचो छ ।